इतिहास रच्दै नयाँ उचाइतर्फ अग्रसर नेपाल लाइफ

नेसनल बेस्ट प्रिजेन्टेड एनुअल रिर्पोट अवार्ड २०२५ को गोल्ड अवार्डबाट सम्मानित

आर्थिक संवाददाता
काठमाडौं, असार १७

नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो स्थापनाको २५औँ वार्षिकोत्सव मनाइरहेको गौरवमय अवसरमा 'नेसनल बेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट अवार्ड-२०२५' अन्तर्गत गोल्ड अवाड प्राप्त गरी अर्को ऐतिहासिक उपलब्धि हासिल गरेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) द्वारा मंगलबार आयोजित एक विशेष समारोहका बीच उक्त प्रतिष्ठित अवार्ड नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुली तथा नायब प्रमुख कार्यकारी अधिकृत अमित कुमार कयालले संयुक्त रूपमा ग्रहण गरेका हुन् ।

आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय प्रतिवेदनको उत्कृष्ट प्रस्तुति, वित्तीय पारदर्शिता, पर्याप्त खुलासा, नेपाल वित्तीय प्रतिवेदन मानहरु तथा अन्य लेखा मापदण्डहरूको प्रभावकारी पालना तथा संस्थागत सुशासनप्रतिको उच्च प्रतिबद्धतालाई मूल्यांकन गर्दै कम्पनीलाई उक्त सम्मान प्रदान गरिएको हो । यस अवार्डले नेपाल लाइफले वित्तीय जवाफदेहिता, पारदर्शिता तथा सुशासनलाई संस्थागत संस्कृतिका रूपमा आत्मसात गर्दै उत्कृष्ट अभ्यासलाई निरन्तरता दिइरहेको पुष्टि गर्दछ ।

यस अवसरमा प्रमुख कार्यकारी अधिकृत पराजुलीले उक्त सम्मान सम्पूर्ण नेपाल लाइफ परिवारका लागि गर्वको विषय भएको उल्लेख गर्दै यसले कम्पनीलाई अझ उच्च स्तरको वित्तीय पारदर्शिता, सुशासन र उत्कृष्ट कार्यसम्पादनतर्फ अघि बढ्ने थप जिम्मेवारी प्रदान गरेको बताए । उनले यस सफलताका लागि मार्गदर्शन प्रदान गर्ने सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरु, कम्पनीप्रति विश्वास व्यक्त गरी आबद्ध हुनुहुने बीमित ग्राहकहरु, कम्पनीको सफलताका मेरूदण्डका रूपमा रहनुभएका अभिकर्ताहरु, समर्पित कर्मचारीहरु, सम्माननीय सेयरधनीहरु, नियामक निकायहरु तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गरेका छन् ।

चैत्र मसान्त २०८३ सम्मको तथ्यांकअनुसार कम्पनीले हालसम्म ५२.४ लाखभन्दा बढी बीमालेख जारी गरी लाखौं नेपाली परिवारलाई आर्थिक सुरक्षाको दायरामा ल्याएको छ । २ खर्ब ६७ अर्ब रूपैयाँभन्दा बढीको जीवन बीमा कोष व्यवस्थापन गरिरहेको कम्पनीले हालसम्म १ खर्ब १३ अर्ब रूपैयाँभन्दा बढी दाबी भुक्तानी गरी आफ्ना बीमित तथा आश्रित परिवारप्रति आफ्नो प्रतिबद्धता व्यवहारमै प्रमाणित गरेको छ ।

नबिल बैंक लगातार तेस्रो पटक उत्कृष्ट वार्षिक प्रतिवेदन (गोल्ड) अवार्डद्वारा सम्मानित

आर्थिक संवाददाता
काठमाडौं, असार १७

नबिल बैंक लिमिटेड बैंकिङ क्षेत्रका तीनवटा प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ । नबिल बैंकले लगातार तेस्रो पटक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) द्वारा वार्षिक रूपमा प्रदान गरिने निजी क्षेत्रको बैंक तर्फको गोल्ड अवार्ड प्राप्त गरेको छ ।

यसका साथै बीपीए पुरस्कारको इतिहासमै पहिलो पटक प्रदान गरिएको 'कर्पोरेट गभर्नेन्स डिस्क्लोजर अर्वार्ड' र 'सस्टेनेबिलिटी रिपोर्टिङ अवार्ड' दुवैतर्फ सर्टिफिकेट अफ मेरिट पनि बैंकले पाएको छ । यस वर्ष पहिलो पटक प्रदान गरिएका यी दुई विधा तथा तेस्रो पटक उत्कृष्ट वार्षिक प्रतिवेदन (गोल्ड) गरी एकैपटक तीनवटा अवार्डबाट नबिल बैंक सम्मानित भएको छ । मंगलबार काठमाडौंमा आयोजित एक समारोहबीच आइक्यानका अध्यक्ष सी.ए. निलबहादुर सारू मगरद्वारा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवाली र वित्त प्रमुख सन्दिप बाबु पौडेललाई उक्त अवार्डहरू हस्तान्तरण गरे ।

आइक्यानले आर्थिक वर्ष २०२५ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा यो अवार्ड दिएको हो। अवार्ड छनोटमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहिता, सुशासन र दीगोपना जस्ता मापदण्ड राखिएको थियो । नबिल बैंकलाई यी सबैमा अब्बल ठहर गर्दै उक्त अवार्ड प्रदान गरिएको आइक्यानले जनाएको छ । नबिल बैंकले सन् २०२३ र २०२४ को वार्षिक प्रतिवेदका लागि पनि यो पुरस्कार पाएको थियो। बैंकको उक्त पुरस्कृत वार्षिक प्रतिवेदन नेपालको तर्फबाट दक्षिण एसियाली स्तारमा आयोजना गरिने साफा बीपीए अवार्डका लागि समेत मनोनित हुने आयोजक संस्थाले जनाएको छ ।

नबिल बैंकले देशभर दुई सय ६६ वटा शाखा सञ्जालसहित तीन सय १८ वटा एटीएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ । बैंकले २५ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आएको तथा आफ्ना सबै सरोकारवालासँग सहकार्य गर्दै अघि बढ्ने विश्वास राखेको छ । चार दशकदेखि गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकले पछिल्लो समयमा दिगो बैंकिङको अवधारणालाई आत्मसात् गर्दै डिजिटल बैंकिङका लागि एनबैंक सञ्चालनमा ल्याएको छ ।

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०३/१८ गते आर्थिक दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ असार २५ गते विहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

नक्साल

ऋणीहरूको विवरण

१. **धर्म गोपाली**
ना.प्र.नं.- ४४/४०४
जारी मिति - २०५२/१०/२६, जि.प्र.का. मकवानपुर
बाबु - मंगलाल गोपाली
बाजे - चित्र सिं गोपाली
स्थायी ठेगाना- मकवानपुर जिल्ला, बज्रबाराही गा.पा/न.पा वडा नं. ६
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं १३

२. **ज्ञानुमाया थापा क्षेत्री**
ना.प्र.नं.- २७/११८४
जारी मिति - २०५७/१०/६, जि.प्र.का. मकवानपुर
बाबु - बम बहादुर थापा क्षेत्री
पति - धर्म गोपाली
स्थायी ठेगाना- मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं.:०३
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं १३

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **ज्ञानुमाया थापा क्षेत्री**
ना.प्र.नं.- २७/११८४
जारी मिति - २०५७/१०/६, जि.प्र.का. मकवानपुर
बाबु - बम बहादुर थापा क्षेत्री
पति - धर्म गोपाली
स्थायी ठेगाना- मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं.:०३
हालको ठेगाना- काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १३

२. **धर्म गोपाली**
ना.प्र.नं.- ४४/४०४
जारी मिति - २०५२/१०/२६, जि.प्र.का. मकवानपुर
बाबु - मंगलाल गोपाली
बाजे - चित्र सिं गोपाली
स्थायी ठेगाना- मकवानपुर जिल्ला, बज्रबाराही गा.पा/न.पा वडा नं. ६
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं १३

लिलाम हुने सम्पत्तिको विवरण

१. धनी कुमारी बैंक लि र ऋणी **धर्म गोपाली** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता रहेको ई.नं.71B 63577676, च्यासिस न MAT448053 H2R 03831, सवारी नं ना. ७ ख ५३७४ को Truck थान १ ।
२. धनी कुमारी बैंक र ऋणी **धर्म गोपाली** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता रहेको ई.नं. 51J63469252, च्यासिस नं. MAT448053 F2J 16402, सवारी नं ना. ६ ख २२५३ को गाडी Truck थान १ ।
३. **ज्ञानुमाया थापा क्षेत्री**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १९८८ को क्षे.फ. ६७७.१७ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
४. **धर्म गोपाली**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, टिष्टुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २३००, २२८४, २२९९ र २३०४ को क्षे.फ. क्रमश २९०.१४ ,१६६.९३, २८६.१७, र ११५६.५९ (व.मी) तथा ऐ.ऐ वडा नं. ४ स्थित कित्ता नं. १४०४ को क्षे.फ. ६३९.९० (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
५. **ज्ञानुमाया थापा क्षेत्री**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १९७८ को क्षे.फ. ३३८.६३ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
६. **धर्म गोपाली**को नाममा मालपोत कार्यालय, पालुङ्गमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, टिष्टुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २२८० को क्षे.फ. १५५.०१ (व.मी) जग्गा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

लालदरबार

ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्त संरक्षण विभाग वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखामा मिति २०६४/११/२७ मा प्रा.फ.र.नं.८०८४३/०६४/६५ दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.०७ स्थित रजिष्टर्ड कार्यालय रहेको
कालीका स्टोर
प्रोपाईटरको विवरण:
साधुराम कालिका (पुडासैनी)
ना.प्र.नं.: २७१०८१४/९१३३
जारी मिति: २०४१/१०/१२, जि.प्र.का. काठमाण्डौ
बाबु: कृष्ण प्रसाद पुडासैनी (कालिका)
बाजे: होमनाथ पुडासैनी
स्थायी ठेगाना: काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं.०३ (साबिक भद्रवास गा.वि.स वडा नं.०२)
हालको ठेगाना: ऐ.ऐ.

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **नर्बदा कालिका**
ना.प्र.नं.: ९५४७
जारी मिति: २०६१/११/१४, जि.प्र.का. काठमाण्डौ
बाबु: विश्वनाथ लामिछाने
बाजे: कृष्ण प्रसाद लामिछाने
पति: साधुराम कालिका (पुडासैनी)
स्थायी ठेगाना: काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं.०३ (साबिक भद्रवास गा.वि.स.,वडा नं.०२)

२. **पवित्रा दंगाल**
ना.प्र.नं.: २७१००१/९८१४३
जारी मिति: २०६९/०३/२२, जि.प्र.का. काठमाण्डौ
बाबु: नेत्र प्रसाद दंगाल
ससुरा बाबु: साधुराम कालिका (पुडासैनी)
पत्ति: सरोज कालिका
स्थायी ठेगाना: काठमाण्डौं जिल्ला, नाइलेभारे गा.वि.स., वडा नं. ०७
हालको ठेगाना: काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं.०३

लिलाम हुने सम्पत्तीको विवरण

१. **साधुराम कालिका (पुडासैनी)**को नाममा मालपोत कार्यालय, साँखु, काठमाण्डौंमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, भद्रवास गा.वि.स. वडा नं.०२ स्थित कित्ता नं. ५३१ को क्षे.फ. ०-४-१-० (रोपनी) जग्गा/घर तथा साको सम्पुर्ण लिगलगापातहरु समेत ।

महादेवबेशी धादिङ

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग,घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७२/०६/१४ मा दर्ता नं.४२२३/०७२/०७३ दर्ता कायम भई धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **लामा ट्राउट माछापालन कृषी तथा पशुपंक्षी फर्म ।**
प्रोपाईटर कान्छा तामाङ

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **कान्छा तामाङ**
ना.प्र.नं.- १९७३५
जारी मिति: २०५४/०१/२९, जि.प्र.का. धादिङ्ग
बाबु - जितबहादुर तामाङ
पत्नी - फुन्डी तामाङ
बाजे - सेते तामाङ
स्थायी ठेगाना - धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ४
हालको ठेगाना - धादिङ्ग जिल्ला, गल्छी गा.पा., वडा नं. ५

२. **फुन्डी तामाङ**
ना.प्र.नं.- १५०५४,
जारी मिति: २०६०/१०/१४ जि.प्र.का. धादिङ्ग
बाबु - भिमा सिंह तामाङ
पति - कान्छा तामाङ
स्थायी ठेगाना: धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ४
हालको ठेगाना: धादिङ्ग जिल्ला, गल्छी गा.पा., वडा नं. ५

३. **पाल्तेन लामा**
ना.प्र.नं.- १/४७३४२
जारी मिति: २०६८/०३/२७, जि.प्र.का. धादिङ्ग
बाबु- कान्छा तामाङ
बाजे - जितबहादुर तामाङ
स्थायी ठेगाना: धादिङ्ग जिल्ला, गल्छी गा.पा., वडा नं. ५
हालको ठेगाना - ऐ.ऐ

लिलाम हुने सम्पतिको विवरण

१. **कान्छा तामाङ**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, बैरेनी गा.वि.स. वडा न. ०४/क स्थित कित्ता नं. ८०, ८२, ८६ र १५० को क्षेत्रफल क्रमश ३१-५-०-३, ६-११-०-१, १४-२-१-३ र १३-१-२-२ (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८३ असार २४ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ असार २५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८३ असार २५ गते विहीबार अपारान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

मर्चेन्ट बैंकर्सद्वारा नवनियुक्त सेबोन अध्यक्षलाई पुँजी बजारका प्राथमिकतामाथि जानकारी

आर्थिक संवाददाता
काठमाडौं, असार १७

नेपाल मर्चेन्ट बैंकर्स संघका कार्यसमिति सदस्यहरूले नेपाल धितोपत्र बोर्डका नवनियुक्त अध्यक्ष डा. गोपाल प्रसाद भट्ट तथा सेबोनका कार्यकारी निर्देशकहरूसँग शिष्टाचार भेट गरी नवनियुक्त अध्यक्ष डा. गोपाल प्रसाद भट्टलाई पदभार ग्रहण गरेको अवसरमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरे ।

भेटका क्रममा नेपाल मर्चेन्ट बैंकर्स संघले अध्यक्ष डा. भट्टको नेतृत्वमा नेपालको पुँजी बजार अझ प्रभावकारी, पारदर्शी र विश्वसनीय बन्ने विश्वास व्यक्त गरेको थियो । अध्यक्ष डा. भट्टले नेपाल मर्चेन्ट बैंकर्स संघप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि निजी क्षेत्रसँग सहकार्य र निरन्तर संवादलाई प्राथमिकता दिइने बताए । शुभकामना आदान प्रदान सँगै दुवै पक्षबीच नेपालको पुँजी बजारको विकाससँग सम्बन्धित विभिन्न समसामयिक विषयहरूमा विस्तृत छलफल भएको थियो । विशेषगरी म्युचुअल फन्ड, प्रारम्भिक सार्वजनिक निष्कासन तथा प्राइभेट इक्विटीसम्बन्धी विषयमा लगानीकर्ताको विश्वास अभिवृद्धि गर्ने, लगानीमैत्री वातावरण सिर्जना गर्ने तथा पुँजी बजारलाई थप गतिशील र प्रभावकारी बनाउने विषयमा विचार आदानप्रदान भएको थियो । यसैगरी, बजारमा पारदर्शिता, सुशासन तथा नियामकीय प्रभावकारिता अभिवृद्धि गरी लगानीकर्ताहरूको विश्वास सुदृढ बनाउने आवश्यकतामाथि पनि दुवै पक्षबीच जोड दिइएको थियो । भेटघाट सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो ।

अन्त्यमा, नेपाल मर्चेन्ट बैंकर्स संघले र सेबोन दुवैले नेपालको पुँजी बजारको दिगो, व्यवस्थित तथा समावेशी विकासका लागि आपसी सहकार्य, समन्वय र निरन्तर संवादलाई थप सुदृढ बनाउँदै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

माछापुच्छ्रे बैंकले प्राप्त गर्‍यो उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्डमा कांस्य पुरस्कार

काठमाडौं, असार १७ । माछापुच्छ्रे बैंक लिमिटेडले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले प्रदान गर्ने राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अर्वाड पुरस्कार प्राप्त गरेको छ । उक्त पुरस्कार बैंकले तयार पारेको बैंकको वार्षिक प्रतिवेदनमा वित्तीय पारदर्शिता, सुशासन, उत्तरदायित्व तथा सूचना प्रस्तुतीकरणको उच्चस्तरीय अभ्यासको आधारमा प्रदान गरिएको हो ।

काठमाडौँमा आयोजित एक औपचारिक समारोहमा बैंकका नायव महाप्रबन्धक श्री सुभाष जमरकट्टेलज्यूले उक्त पुरस्कार ग्रहण गर्नुभएको हो । यस सम्मानले माछापुच्छ्रे बैंकले संस्थागत सुशासन, पारदर्शिता, वित्तीय अनुशासन तथा अन्तर्राष्ट्रिय स्तरका प्रतिवेदन मापदण्डहरु अवलम्बन गर्दै सरोकारवालाप्रति उत्तरदायी रहन गरेको निरन्तर प्रयासलाई थप उचाईमा पुन्याउन मद्दत गर्ने विश्वास बैंकले लिएको छ ।

सूची दर्ता सम्बन्धी सूचना

यस वित्तीय संस्थालाई आर्थिक वर्ष २०८३/८४ मा आवश्यक पर्ने वस्तु तथा सेवाहरु जस्तैः विज्ञापन, छपाई तथा मसलन्द सम्बन्धी सम्पूर्ण कार्यहरु, परिचय पत्रहरु, कम्प्यूटर, ल्यापटप, मोवाइल, tablet, सि.सी. क्यामरा, प्रिन्टर सोको मर्मतको लागि चाहिने पार्ट पुर्जाहरु र सोको मर्मत सम्भार समेतका कार्यहरु, मेटल तथा काठका फर्निचरहरु (फाईलिङ्ग दराजहरु, मेच, vault, टेवल, बेन्च आदि) ईलेक्ट्रिक्स र ईलेक्ट्रोनिक्स सम्बन्धी सामानहरुको आपूर्ति, ब्याट्री, इन्भर्टर, सर्भर र मर्मत सम्भार, कुरियर, ट्रान्सपोर्ट सम्बन्धी कार्यहरु र कानुनी परामर्श सेवा, सवारी साधन वहाल सेवा, इन्टरनेट सेवा, तालिम तथा गोष्ठी आदिका लागि हल, खाना, बास उपलब्ध गराउने सेवा लगायतको वस्तु तथा सेवाहरु उपलब्ध गराउन आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले आपूर्ति गर्न वा सेवा प्रदान गर्न ईच्छुक इजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले फर्म दर्ता तथा नविकरण, आयकर तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा सूची दर्ता गर्न आह्वान गरिन्छ ।

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलान्चोक
सम्पर्क कार्यालयः धापासी, काठमाडौं, फोन नं. ०१-४३७११५७, ४३७६५३६
इमेल : asha.gservice@gmail.com, asha.customerservice@gmail.com